INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

## *प्रेस विज्ञप्ति*

# रामहरि श्रेष्ठको हत्या निन्दनीय :
# दोषी उपर अविलम्ब कारवाही गरियोस्

*ललितपुर, २०६५ जेठ ४ गते ।*

काठमाडौं जिल्लास्थित कोटेश्वर स्थायी बसोबास भएका रामहरि श्रेष्ठलाई माओवादी जनमुक्ति सेनाले अपहरण पछि चरम यातना दिदै हत्या गरी निजको शव त्रिशुली नदीमा खलासी दिएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । २०६५ वैशाख १५ निजलाई माओवादी सेनाले निजकै निवास कोटेश्वरबाट अपहरण गरी चितवन जिल्लास्थित माओवादी सेना रहेको शक्तिखोर शिविरमा लगी चरम यातना दिदै २०६५ वैशाख ३१ गते हत्या गरी हालसम्म निजको शव बेपत्ता पारिएको घटनाको इन्हुरेड इन्टरनेशनल घोर भर्त्सना गर्दछ ।

कुनै पनि व्यक्तिको स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारलाई कुष्ठित गर्दै गरिएको यस किसिमको घटनाले आम नेपाली जनताको शान्तिप्रतिको चाहनामाथि कुठाराघात हुन पुगेको छ । विस्तृत शान्ति सम्झौतामार्फत् शान्ति प्रक्रियामा जिम्मेवार शक्तिको रुपमा रहेको तथा संविधान सभाको निर्वाचनमा सबैभन्दा ठूलो दलको रुपमा स्थापित भइसकेको जिम्मेवार राजनीतिक दलको सेनाद्वारा भएको यस किसिमको घटनाले विस्तृत शान्ति सम्झौताको घोर उल्लंघन भएको छ । तसर्थ, आगामी दिनमा शान्ति सम्झौताको पूर्ण पालना गर्दै यस्ता खालका घटना नहोऱ्याउने प्रतिबद्धता जाहेर गर्न हामी सम्बन्धित पक्षसँग जोडदार माग गर्दछौं ।

अन्तमा, यस घटनाको स्वतन्त्र ढङ्गले अनुसन्धान गरी संलग्न सम्पूर्ण दोषीलाई तत्काल कानुनी कारवाही गर्न तथा पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गरी कानुनी राज्यको स्थापना तर्फ गम्भीर रहन हामी सम्बन्धित पक्षसँग आग्रह गर्दछौं ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018